# मर्मत संभार कोष संचालन कार्यविधि, २०७५
## कमल गाउँपालिका

**प्रस्तावनाः**

भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात, सिचाईको पहूँच ग्रामीण क्षेत्रसम्म पुर्याउने गाउँपालिकाको लक्ष्य पनि हो । यस गाउँपालिका क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो प्रयोगका  लागि सडक लगायत भौतिक पूर्वाधारहरुको मर्मत गर्नु पर्ने जरुरी हुन्छ । तसर्थ सडक, सिचाई, भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गरी संचालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कमल गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारंभः**

क) यो निर्देशिकाको नाम “मर्मत सभार कोष संचालन निर्देशिका २०७५” रहने छ ।

ख) यो निर्देशिका कमल गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषाः**

क) “निर्देशिका” भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ लाई बुझाँउने छ ।

ख) “गाउँपालिका” भन्नाले कमल गाउँपालिकालाई बुझाउने छ ।

ग) “स्थानीय तह ” भन्नाले कमल गाउँपालिकालाई बुझाँउने छ ।

घ) “उपभोक्ता समिति” भन्नाले कमल गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट  प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाँउने छ ।

## परिच्छेद -२

**३. व्यवस्थापन समितिः**

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहने छः

| | | |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २ | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४ | पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ५ | गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला | सदस्य |
| ६ | पुर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ।

ग) वैठक भत्ता गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

घ) वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद -३

**४) कोष स्थापनाः**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम।

ग) गाउँसभाबाट विनियोजन भएको रकम।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम।

ङ) गाउँपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको १% ले हुन आउने रकम।

च) ऋणबाट प्राप्त हुने रकम।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम।

ज) विविध ।

**५. कोष सञ्चालन:**

क) कोषको नाममा प्राप्त हुन आएको रकम गाउँपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको वा आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परीक्षकले गर्नेछ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद -४

**६. कोषको खर्च प्रणाली**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि  कार्यमा मात्र खर्च गरिनेछः

१) सडक, कल्भट, पूल, ढल आदीको मर्मत सम्भार सम्बन्धी कार्य।

२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य।

४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य।

**७. मर्मत सम्भारको लागि छनौटको मापदण्डः**

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु।

ख) प्राथमिकतामा परेका सडकहरु।

ग) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा।

घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा।

ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा।

च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा।

छ) दुई वा दुई भन्दा वढि स्थानीय तहलाई जोड्ने  सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भट, कुलो पैनी, बाँध आदी।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्थाः**

यस गाउँपालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद -५

**९. संसोधन वा खारेजीः**

क) मर्मत सम्भार कोष संचालन निदेर्शिका संसोधन वा खारेज गर्नु परेमा गाउँकार्यपालिकाबाट हुनेछ।

ख) यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

ग) यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।